छेडागाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कार्कीगाउँ, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

प.सं.:- ०७७/०७८ मिति: २०७८/०२/२०

च.नं.:-

## हार्दिक अपिल !

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) संक्रमण रोकथाम तथा नियन्त्रण लगायतको व्यवस्थापनमा यस नगरपालिकाले जिल्ला संकट व्यावस्थापन केन्द्र DCCMC को बैठकको निर्णयानुसार स्वास्थ्यचौकी दशेरामा २० वेड क्षमताको आइसोलेशन र नगरअस्पताल थलहमा १५ वेड क्षमताको आइशोलेशन निर्माण गरी संचालनमा ल्याएको छ। आइशोलेशन संचालनको लागि प्रदेश सरकारको निर्णयानुसार प्राप्त वजेटवाट नगरअस्पताल आइशोलेशनमा ३ जना हेल्थ असिस्टेन्ट र ३ जना स्टाप नर्स गरी ६ जना जनशक्ति र २६ थान अक्सिजन सिलिन्डरको व्यवस्थापन गरिएको छ। नगरपालिकाले १३ वटै वडामा जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र अन्य कर्मचारीलाइ समेटेर वडास्तरीय संकट व्यवस्थापन समिति गठन गरेको छ । उक्त समितिले कोरोना भाइरस सम्बन्धी जनचेतनामुलक प्रचार प्रसार गरी वडावासीहरुलाइ सजग तथा सचेत वनाउने कार्य गरेरहेको छ। नगरपालिकाले हालसम्म २१० जनाको RT-PCR टेस्टको लागि स्वाव संकलन गरी कर्णाली प्रदेश अस्पताल कालागाउँ, सुर्खेतमा पठाएको र जसमध्ये १५० जना संक्रमित पुष्टि भएको व्यहोरा जानकारी गराउदछौं। यस नगरपालिकाले विभिन्न वडामा तथा नगरपालिकामा गरी जम्मा ३२९ जनाको Antigen परीक्षण गर्दा ६९ जनामा संक्रमण पुष्टि भएको छ। यस विषम परिस्थितिमा नागरिक समाज, राजनितिक दल, विभिन्न व्यक्ति र सं-संस्थाहरुको साथ सहयोग प्रति नगरपालिका हार्दिक आभार प्रकट गर्दछ। कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण गर्न नागरिक समाज, बुद्धिजिवी, राजनितिक दल लगायत अन्य सं-संस्थाहरुलाइ स्वास्थ्य सामाग्री तथा वित्तीय सहयोग गरिदिनुहुन हार्दिक अपिल गर्दछौं। साथै सम्पूर्ण नगरवासी आमा-बुवा, दिदी-बहिनी तथा दाजुभाईहरुले नेपाल सरकारले गरेको निषेधाज्ञालाइ पूर्ण रुपमा पालना गर्नहुन हार्दिक अपिल गर्दछौं।

२०७८/२/२०
(झलक के. सी.)
नि. प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner